लेखापरीक्षण प्रतिवेदन

सिंजा गाउँपालिका, जुम्ला

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सिंजा गाउँपालिका, जुम्ला

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/545

श्रीमान् अध्यक्षज्यू,
सिंजा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, जुम्ला ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/545

श्रीमान् अध्यक्षज्यू ,

सिंजा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

जुम्ला।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.९२ करोड ८६ लाख ५० हजारको लेखापरीक्षणबाट रु.१ करोड ६० लाख ७७ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१ लाख २० हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.२७ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२२ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १ लाख ६० हजार र पेश्की बाँकी रु.७ लाख ७६ हजार गरी जम्मा रु.१ करोड ५९ लाख ५६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.३७ करोड ७३ लाख १६ हजार मध्ये रु.१० लाख १७ हजार फस्यौंट तथा रु. २ लाख ७० हजार थप भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.३९ करोड २५ लाख २५ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र

प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(टिकाराम श्रेष्ठ)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४०	१३४	१,६०,७६,९१०	०	१५	१,२०,५३३	०	४०	११९	१,५९,५६,३७७	२७,३२,९२१	१,०१,५९,८६२	२२,८७,९९४	०	०	१,२४,४७,८५६	७,७५,६००

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
जुम्ला	३७,७३,१५,७९२	०	१०,१६,९८४	३७,६२,९८,८००	२,७०,१०२	१,५९,५६,३७७	३९,२५,२५,२८७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२८	स्थानीय भत्ता	११,४५३
२	२०८१/८२	२६	बैठक भत्ता	७८,२००
३	२०८१/८२	३३	तालिम अवधिको स्थानीय भत्ता	६,८३०
४	२०८१/८२	६७	आन्तरिक लेखापरीक्षण	२४,०५०
५	२०८०/८१	८९	वास कर्मचारीको सुविधा	१,५४,०००
६	२०८०/८१	७२	बैठक भत्ता	८,५००
७	२०८०/८१	८८	पारिश्रमिक कर	९,३८५
८	२०७९/८०	४६	स्थानीय भत्ता:-	५,९११

९	२०७९/८०	४४	कर्मचारी अनुगमन भत्ताः-	२९,८३५
१०	२०७९/८०	१०३.१	आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराः	५७,८०२
११	२०७८/७९	५७	भ्रमण खर्च :	१,०८,४४५
१२	२०७८/७९	४१	बहाल कर	२,५००
१३	२०७८/७९	४	पेश्की	२,७१,६००
१४	२०७७/७८	९७	९७	३,२८०
१५	२०७७/७८	८२	८२ पदाधिकारीको बैठक भत्ताः	१,०८,०००
१६	२०७७/७८	८१	८१	५,७००
१७	२०७७/७८	८०	८०	२,४९,०५०
१८	२०७७/७८	४६	४६	२,९७६
जम्मा				११,३७,५१७

सिंजा गाउँपालिका, जुम्ला

(८०६६२५०६३००)

सिन्जा गाउँपालिका , जुम्ला

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १५३.२१ वर्ग किलोमिटर तथा १२ हजार ३९५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।८ देखि २०८२।५।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.९२ करोड ८६ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८७२९०।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	मन्जु थापा - पारिश्रमिक कर	९३५०
२	मदन सिंह-	३९६०
३	टेक बहादुर शाही-पारिश्रमिक कर तथा भ्रमण भत्ता बढि भुक्तानी	३६२८०
५	जनकराज धिताललाई नर्म्स भन्दा बढी भुक्तानी भएको	५०००
६	मिन प्रसाद तिवारीको आमा सुरक्षाको रकम	३२७००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ एकिकृत वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन सम्बन्धमा निम्नानुसार देखिएको छः

२.१ आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		३७३४०७१३	**चालु खर्च**		२६५०९६०१६.३
१.संचित कोष	२६६४३४३७		१. पालिका तर्फ	**१२२५३३०९२.१**	
२.धरौटी	२६६८४२६		२. संघीय सशर्त	**१४०९००४२४.२**	
३.विविध कोष खाता	६७२९१९		३. प्रदेश सशर्त	**१६६२५००.०**	
४.प्रकोप व्यवस्थापन कोष	७३५५९३०.५०		**पुँजीगत खर्च**		९२८०८०६७.१३
यस वर्षको आय			१. पालिका तर्फ	**५२३५५०९३.१३**	
१.आन्तरिक आय	**३३२३७१८.७५**	**३३२३७१८.७५**	२. संघीय सशर्त	**८३४५००५.०**	
२. वित्तीय हस्तान्तरण (संघ)		३१६८३१२२९.२६	३. संघीय विशेष	**५०२६०९३.०**	
क) समानीकरण अनुदान	**८३२२६३२०.०**		४.संघीय समपुरक	**७१७८९६.०**	
ख) राजस्व बाँडफाँट	**६७३७२९२०.२६**		५. प्रदेश सशर्त	**१५४७०८६८.०**	
ग) सशर्त अनुदान	१६०४८८०००.०		६. प्रदेश विशेष	५००००००.०	
घ) समपुरक अनुदान	**७१७८९६.०**		७. प्रदेश समपुरक	**५८९३११२**	
ङ) विशेष अनुदान	**५०२६०९३.०**		**अन्तर सरकारी अख्तियारी (संघ)**		८७८५०४७२.०
			क) सामाजिक सुरक्षा	**६७४९६७४४.०**	
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३८४६१११२	ख) स्थानीय तह प्रशासनिक भवन पुर्वाधार विकास कार्यक्रम	**९४६४२९४.०**	
क) समानीकरण अनुदान	**१००५५०००**		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	**१०८८९४३४**	
ख) शर्सत अनुदान	१७५१३०००		**५. अन्तर सरकारी अख्तियारी (प्रदेश)**		**२८८०००**
ग) विशेष अनुदान	५००००००		उद्धार राहत तथा पुनस्थापना खर्च	**२८८०००**	
घ) समपुरक अनुदान	**५८९३११२**		**धरौटी फिर्ता तथा सदर स्याहा**	१२५७३०४	१२५७३०४
४. अन्तर सरकारी अख्तियारी (संघ)		८७८५०४७२.०	**विविध कोष खाताबाट खर्च**	१४७७५०	१४७७५०
क) सामाजिक सुरक्षा	**६७४९६७४४.०**		**विविध खर्च खाताबाट खर्च**	१८७१०४९	१८७१०४९
ख) स्थानीय तह प्रशासनिक भवन पुर्वाधार विकास कार्यक्रम	**९४६४२९४.०**		प्रकोप व्यवस्थापन कोष खर्च	९५६५०००	९५६५०००
			अनुदान फिर्ता		

ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	**१०८८९४३४**		१. संघ तर्फ		**११२१२४०८.८**
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)		**२८८०००**	क) सशर्त अनुदान	**११२१२४०८.८**	
उद्धार राहत तथा पुनस्थापना खर्च	**२८८०००**		२. प्रदेश तर्फ		**३७९६३२.०**
६. ऋण/ वित्तीय व्यवस्था			क) सशर्त अनुदान	**३७९६३२.०**	
७. धरौटी आय	२०६७३९४	२०६७३९४	**अन्तिम मौज्दात**		२५१९२१२४.३९
८. विविध खर्च खाता आय	३८५८६२८.३१	३८५८६२८.३१	१. संचित कोष	**१२१६७२६८.८८**	
९. प्रकोप व्यवस्थापन कोष	५२२००००.०	५२२००००.०	२. धरौटी	**३४७८५१६**	
			३. प्रकोप व्यवस्थापन कोष	**३०१०९३०.५०**	
			४. विविध खर्च खाता	**१९८७५७९.३१**	
			५.विविध कोष खाता	**५२५१६९.०**	
			६.चालु खर्च खाता	**३३५३७२.६**	
			७.पुँजिगत खर्च खाता	**२१०५९३.८७**	
			८.आन्तरिक राजस्व खाता	**३४५६७१७.२३**	
जम्मा	४९५२४१२६७.८१		**जम्मा**	४९५५१४८४८.१	

- आर्थिक कारोबारको एकिकृत विवरण तयार गर्दा सुरु मौज्दात र अन्तिम मौज्दात बैक मौज्दातको आधारमा राखिएको छ।
- आम्दानी र खर्चको हिसाबमा आम्दानी भन्दा खर्च रु.२७३५८१।० बढी देखिएको सम्बन्धमा पालिकाले विवरण पेश गरेको छैन ।

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले संघिय सरकारको सामाजिक सुरक्षाको रु.६ करोड ७४ लाख ९७ हजार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ६८ लाख ८७ हजार, स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रमको रु.९४ लाख ६४ हजार र कर्णाली प्रदेश सरकारको उद्धार, राहत तथा पुनस्थापना कार्यक्रमको रु.२ लाख ८८ हजारसमेत रु.८ करोड ४१ लाख ३६ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । त्यसैगरी आर्थिक वर्ष २०८१।०८२ को वित्तिय प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा गतवर्षको मौज्दात रु.२,४१,११,०८७।५२ उल्लेख भएको रकम चालुवर्ष जिम्मेवारी सार्नुपर्नेमा रु.३,८५,८४,०८३।० जिम्मेवारी सारेको छ । फरक जिम्वारी सारेको रु १४७२९९५।४८ सम्वन्धमा यकिन गर्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक परेको छ ।

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता (ग ४.१)	७५०३३२०.०	१२१८७२६८.८८	(४६८३९४८.९)
चालू खर्च खाता जोर वर्ष (ग २.२)	५२९७४५२.१६	३३५३७२.६०	४९६२०७९.६
पुँजिगत खर्च खाता जोर वर्ष (ग २.४)	२२३८८८१.८७	२१०५९३.८७	२०२८२८८.००
विविध खर्च खाता (ग २.७)	४७४९१.००	१९८७५२९.३१	(१९४००३८.३)
धरौटी (ग ३.१)	२७२९८५५.००	३४७८५१६.००	(७४८६६१)
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता (ग ७.२)	३०१०९३०.००	३०१०९३०.५०	(०.५)
विविध कोष खाता (ग ५.१)	०	५२५१९६.००	(५२५१९६.०)
आन्तरिक राजस्व खाता (ग १.१)	०	३४५६७१७.२३	(३४५६७१७.२३)
जम्मा	२०८२७९३०.०३	२५१९२१२४.३९	(४३६४१९४.३३)

उल्लिखित विवरण अनुसार स्रेस्तामा भन्दा बैकमा रु.४३६४१९४।३३ बढी मौज्दात देखिएकोले स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ तथा कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को दफा ३४ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार वर्षान्तसम्म खर्च नभै बाँकी रहेको निम्नानुसार रु.१,१६,१४,०४०।८० मिति २०८२।३।३२ मा फिर्ता पठाएको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	खर्च नभई बाँकी	फिर्ता रकम
संघीय सरकार	शसर्त चालु	१४०६७००००.०	१३४५०५६११.२०	६१६४३८८.८०	६१६५३८८.८०
	शसर्त पुँजीगत	९८१८०००.०	४७७०९८०.०	५०४७०२०.०	५०४७०२०.०
	विषेश	५०३६०९३.०	५०३६०९३.०	०	०
	समपुरक	७१७८९६.०	७१७८९६.०	०	०
जम्मा		१५६२४१९८९.	१४५०३०५८०.२	११२३४४०८.८	११२१२४०८.८
प्रदेश सरकार	शसर्त चालु	१८१३०००.०	१६६२५००.०	१५०५००.०	१५०५००.०
	शसर्त पुँजीगत	१५७००००००.०	१५४७०६८६.०	२२९१३२.०	२२९१३२.०
	विशेष	५००००००.०	५००००००.०	०	०
	समपुरक	५८९३११२.०	५८९३११२.०	०	०
जम्मा		२८४०६११२.०	२८०२६२९८.०	३७९६३२.०	३७९६३२.०
कुल जम्मा		१८४६४८१०१.	१७३०५६८७८.२	११६१४०४०.८	११५९२०४०.८

३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महसुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाईयो ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरेको छैन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टी डि एस गरेको पाइएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैँङ्क खडा गरेको देखिएन ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिधिक गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३०,००,०००।० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.३३,२३,७१८।५० अर्थात अनुमानको ११०.७९ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायानुसार छन्:

६.१ पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
रु.हजारमा

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३३३७१०	३३२३	१

६.२ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ६ वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.**११९९५१८.२५** असुली देखाएको छ ।

क्र सं	वडा नं	असुली/ दाखिला रु.
१.	१	९२०९४.९२
२.	२	१८८२०३.०१
३.	३	४३६४२१.४६
४.	४	१६७४७३.०९
५.	५	१२१३२०.७१
६.	६	१९४००५.०६
	जम्मा	**११९९५१८.२५**

७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटि बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.४३ करोड ८७ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही दिन पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले भदौ मसान्तमा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

१० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका

आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १४२ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	९६	१८	२४	५४
२.	वडास्तरीय	४६	१	३	४२

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९ करोड २८ लाख ६ हजार पुँजीगत खर्च/खरिद, निर्माण कार्य गरेको छ । पालिकाले खरिद नियमावली बमोजिम वार्षिक खरिद योजना बनाएको छ। पालिकाले तयार गरेको खरिद योजना अनुरुप व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने जिम्मेवार पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रु.हजारमा)

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	१४४४६	१२०४४	८३.३७
२	पूर्वाधार विकास	८१७८७	५०८२३	६२.१६
३	सामाजिक विकास	२१४४०४	१९१४५६	८९.३
४	सुशासन तथा अन्तरसम्वन्धीत क्षेत्र	४२६८	२९५९	६९.३३
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१०८३९४	९९९०४	९२.१७
जम्मा		**४२३२९९**	**३५७१८६**	८४.३८

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ९२.१७ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटी ६२.१६प्रतिशत खर्च रहेको छ ।

१४ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३३ लाख २३ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु ३५ करोड ५३ लाख ९२ हजारसमेत रु.३५ करोड ८६ लाख १५ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२६ करोड ५० लाख ९६ हजार र पुँजीगत तर्फ रु.९ करोड २८ लाख ८ हजारसमेत रु.३५ करोड ७९ लाख ४ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.०७ प्रतिशत चालु र २५.९३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१५ **पुँजीगत खर्च स्थिती**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पुँजीगत खर्चको स्थिती देहाय बमोजिम छ ।

(रु.हजारमा)

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्च	९२८०६	७९९२	४१२०	११४९५	६९१९९	५९२१५
प्रतिशत	१००	८.६१	४.४४	१२.३९	७४.५६	६३.८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार रु.९ करोड २८ लाख ६ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.७९ लाख ९२ हजार (८.६१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४१ लाख २० हजार (४.४४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१ करोड १४ लाख ९५ हजार (१२.३९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.६ करोड ९१ लाख ९९ हजार (७४.५६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ९२ लाख १५ हजार (६३.८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ती व्यवस्थापन गर्नुपर्दछ। आपूर्ती हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यस वर्ष पालिकाले सुमित मेडिको फर्मासँग रु.१०,०९,१७१।० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

१७ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो

भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ्ग नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१८ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१९ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य सबै कार्यक्रममा भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२० **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको विगत वर्षको पेश्की रु.७९८२७२५।० तथा यस आर्थिक वर्षको रु.७७५६००।० आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ। उक्त पेश्की को फस्र्यौट हुनुपर्ने म्याद २०८२ असार सम्म रहेको हुँदा म्याद नाघेको देखिन्छ । फर्छयौट गर्न बाँकी रहेको उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	पेश्की रकम	
कर्मचारी/व्यक्तिगत			चालु आव	विगत वर्षको
२०८१/७/७	मातृ तथा नवशिशु कार्यक्रम	कर्ण प्रसाद सिम्खाडे	१०००००	
२०८१/७/७	मातृ तथा नवशिशु कार्यक्रम	पृथ्वी रावत	१५००००	
२०८१/७/७	मातृ तथा नवशिशु कार्यक्रम	मिन प्रसाद तिवारी	१५००००	
२०८२/३/४	मातृ तथा नवशिशु कार्यक्रम	पृथ्वी रावत	६००००	
२०८२/३/४	मातृ तथा नवशिशु कार्यक्रम	मिम बहादुर बुढा	५००००	
२०८२/३/४	मातृ तथा नवशिशु कार्यक्रम	रमेश बहादुर रावत	३४०००	
२०८१/४/१	बिमा तथा नविकरण खर्च	नैन बहादुर रोकाया		१५०००
२०८१/४/१	डोजर तथा रोलर मर्मत	नरेन्द्र रावल	२००००	
२०८१/४/१	विविध	नरेन्द्र रावल	१५०००	
२०८१/४/१	विविध	विष्णु बहादुर शाही		१२४२५
२०८१/४/१	भ्रमण खर्च	मन प्रसाद रेग्मी		१००००
२०८१/१०/२५	डोजर तथा रोलरका लागी इन्धन खरिद	प्रेम बहादुर रावल	१५०००	
२०८१/१०/२५	भ्रमण खर्च	प्रेम बहादुर रावल	१००००	
निर्माण व्यवसायी				
२०८१/४/१	गाउँपालिका भवन निर्माण	बिजय आर एन वि जे भी		१६०००००
२०८१/४/१	गाउँपालिका भवन निर्माण	रश्मी निर्माण सेवा		१६७४०००
संस्थागत				
२०८१/४/१	अन्य सार्वजनिक निर्माण	भैरव मा वि		४७५२०
२०८१/४/१	मेशिनरी औजार	भैरव मा वि		३५६४०
उपभोक्ता समिती				
२०८१/४/१	गैर आवासीय भवन निर्माण/खरिद	कैलाश मावि फूंग्र भवन नि उ स		३१६८००
२०८१/४/१	२ न वडा सहुलियत भवन फिल्ड तथा शौचालय निर्माण	२ न वडा सहुलियत भवन निर्माण उ स		१६५०००
२०८१/४/१	खानेपानी संरचना निर्माण	काटै खानेपानी निर्माण उ स		६६०००
२०८१/४/१	गाउँपालिका स्तरीय खेलमैदान निर्माण चंखुचाँगा चुलेलगाँउ	गाउँपालिका स्तरीय खेलमैदान निर्माण चंखुचाँगा चुलेलगाँउ उ स		३९६०००
२०८१/४/१	सडक तथा पूल निर्माण	गोरागाउँ बाटो पिसिसि नि उ स		२६४०००
२०८१/४/१	घोडेकोटजलविद्युतनिर्माण	घोडेकोट जलविद्युत नि उ स		२६४०००

पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	पेश्की रकम	
२०८१/४/१	सडक तथापूल निर्माण	धिताललिहि देखि शनिगाउँ सडक स्तरोन्नति उपभोक्ता समिति		७४२५००
२०८१/४/१	खानेपानी संरचना निर्माण	फुंग्र खानेपानी ग्याविन नि उ स		२१३८४०
२०८१/४/१	भाडगाउँदेखि तरन्देउ सम्म सडक निर्माण	भाडगाउँ देखि तरन्देउ सम्म नि उ स		१६५०००
२०८१/४/१	रुगागाड विद्युत मर्मत	भित्रिखोला लघुजलविद्युत आयोजना		१००००००
२०८१/४/१	शनिगाँउ विद्युत मर्मत	त्रिखोला लघु जलविद्युत आयोजना		२०००००
२०८१/४/१	रनुखाना काठेपुल नि	रनुखाना काठेपुल मर्मत उ स		३३००००
२०८१/४/१	गैर आवासीय भवन निर्माण/खरिद	सिंजा गाउँपालिका भवन निउ स		३०००००
२०८१/४/१	सिँजा क्याम्पस खानेपानी निर्माण	सिंजा बहुमुखी क्याम्पस खानेपानी नि उ स		१६५०००
२०८२/३/३२	गैर आवासीय भवन निर्माण/खरिद	सिंजा बहुमुखी क्याम्पस भवन नि उ स	१७१६००	
		जम्मा	७७५६००	७९८२७२५

पेश्की	७,७५,६००

२१ **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न बमोजिमको भुक्तानी गरेकोमा सोको प्रयोजन तथा खर्च गर्ने पदाधिकारीको विवरण नराखी खर्च गरेको पाइयो। यस्तो खर्च नियन्त्रण गरिनु पर्दछ।

गो.भौ.नं./मिति	भुक्तानि विवरण	भुक्तानि पाउने	रकम	कैफियत
८७०/२०८२।०३।०४	विभिन्न मितिमा कर्मचारी तथा पदाधिकारीले सदरमुकाम जादाँ खाना नास्ता र बास को व्यवस्था	होटल दौतरी एण्ड रेष्टुरेन्ट प्रा.ली	३९९०००।०	
९०८/२०८२।०३।०५	विविध खर्च	राजा जनरल स्टोर्स एण्ड सप्लायर्स	५४०००।०	गाउँपालिकाका अध्यक्ष क्याटरमा आएका अतिथिको लागि खाना खर्च भएको

२२ **केदारनाथ महोत्सव** (20-2081-06-18):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले केदारनाथ महोत्सव सञ्चालन मिति २०८० भाद्र १०,११,१२ गते सञ्चालित महोत्सवको गर्नको लागि विभिन्न खर्च बापत रु.१२२४३८६।० भुक्तानि दिनको लागि २०८१।१२।२७ कार्यपालिकाको टिप्पणि उठाई निर्णय बमोजिम भुक्तानी दिइएको छ । तर भुक्तानी दिन बाँकीको विवरणमा उल्लेख नगरीएको थप रु.४४५९६६।० विभिन्न बिलहरु(होटल खर्च, सामान खरिद, खाध्य तथा तरकारी लगायतको) को आधारमा विभन्न पार्टिलाई दिइएको पुरानो खर्च भुक्तानी नियमसम्मत नदेखिएको रकम रु.

अनियमित भएको	४,४५,९६६

२३ **सवारि भाडा** (856-2082-03-03):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले अन्य भाडा शिर्षकबाट बसन्ती गौतमलाई रु. ७१०००।० भुक्तानि गरेको छ । भाडा सम्झौतामा स्वास्थ्य मन्त्रालयबाट आउनु भएका पाहुनाको लागि प्रयोग गरीएको उल्लेख गरेकोमा आउने व्यक्ति र प्रयोजन नखुलाएकोले अनियमित भएको रु.

अनियमित भएको	७१,०००

२४ **थप सिकाई तथा पुनः निर्माण** (१०८५-2082-03-18):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले श्री सेकेन्डरी स्कुल चुले गाँउलाई थप सिकाई तथा भौतिक पुन निर्माण कार्यक्रम अन्तर्गत रु.४४०६६२।० भुक्तानि गरेकोमा विविध कार्यकर्म सञ्चालन उल्लेख गरी होटल मायादेवीको रु.२६१६००।० बिल समावेश गरेको छ। पालिकाले सिकाई क्रियाकलाय तथा पुँजिगत निर्माणको लागी उपलब्ध गराएको रकम होटल बिलमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,६१,६००

२५ **दोहोरो खर्च भुक्तानी** (९९८-2082-03-13):

पालिकाले कार्यालय व्यवस्थापन तथा पाइप खरिद शिर्षक बाट पालिकाले चन्द्र बहादुर बुढालाई रु.५६८८४।० र सिंह बहादुर बुढालाई रु.९२६८८।० भुक्तानी दिइएको छ। जसमा वडा नं. ६ लाई पूर्ण साक्षर वडा घोषणा गर्नको लागि महेन्द्र होटल एण्ड लजको ३ थान बिल र सिंह बहादुर बुढाको निवेदनको आधारमा भुक्तानी दिइएको छ। तर पालिकाले वडा तथा पालिका पूर्ण साक्षर घोषणा कार्यक्रम संचालनका लागि संघिय शसर्त बजेट अन्तर्गत भौचर नं. ८९ मिति २०८१।११।०६ बाट रु.४३६३३०।० खर्च लेखेकोमा पुन गाउँपालिका चालु शिर्षक बाट भुक्तानी गरेकोले खर्च दोहोरो परे नपरेको यकिन गरी असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,४९,५७२

२६ **बैठक भत्ता** (४७६-2081-11-06):

कार्यसञ्चालन निर्देशिका. २०८१ मा कार्यसञ्चानलको लागि गरिने दैनिक प्रशासनिक कार्यको लागि बैठक भत्ता नपाईने व्यवस्था छ। त्यस्तै बैठकको लागि औचित्यता, आवश्यकता र उपयुक्तता लगायतको विषय वस्तु स्पष्ट हुनु पर्ने व्यवस्था छ। पालिकाले नियमित प्रशासनिक कार्यको लागि निम्न बमोजमिको बैठक भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

क्र.सं.	भुक्तानीपाउनेको नाम	भुक्तानीरकम
१	इन्द्र राज गिरी	११९००
२	धर्मेन्द्र शर्मा	५१००
३	निश्चल न्यौपाने	५१००
४	नौला सिंह भण्डारी	११९००
५	प्रकाश राना	११९००
६	बिरेन्द्र बोहरा	५१००
७	भिम रोकाय	६८००
८	भिमराज रोकाया	११९००
९	रविन बुढथापा	११९००
१०	राज कुमार भट्ट	११९००
११	राज बहादुर कठायत	६८००
जम्मा		१००३००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-११** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-३** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-११** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-११** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,००,३००

२७ **भ्रमण प्रतिवेदन** (४०७-2082-11-04):

भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन बेगर भ्रमण खर्च गर्न नहुने उल्लेख छ। पालिकाले विभिन्न मितीको भ्रमण आदेश तथा बिल संलग्न गरी पूर्ण प्रसाद धितालालाई रु.१५३०००।० भुक्तानी गरेको छ। भ्रमणको स्पष्ट उद्देश्य किटान नगरेको तथा भ्रमण प्रतिवेदन समेत समावेश गरेको छैन । प्रचलित कानुनबमोजिम कार्यालयको आवश्यकताको आधारमा रही मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्दछ ।

२८ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। सोही नियमावलीको नियम १०(ख) मा भ्रमणको अवधिमा भ्रमण भत्ता र बढिमा २ हजार सम्म मात्र फूटकर खर्च पाउने व्यवस्था छ। तर पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानीय भत्ता कट्टा नगेको र बढी फूटकर खर्च भुक्तानी दिएको छ। कानुन विपरीत भुक्तानी गरेको निम्न लिखित रकम असुल गर्नुपर्ने रु.

गो.भौ.नं./मिति	भुक्तानि पाउने पदाधिकारी	भ्रमण अवधि	स्थानिय भत्ता	कैफियत
२८/२०८१।०६।१५	पवित्रा शाही	विभिन्न समयमा	४०००।०	फूटकर खर्च बढी लिएको
७५/२०८१।०६।१९	पवित्रा शाही	विभिन्न समयमा	१४४२०।०	फूटकर खर्च बढि लिएको तथा स्थानिय भत्ता नकाटेको
१९९/२०८२।०२।२८ सशर्त	जनक राज धिताल	७ दिन	२७५५।०	क्षयरोग खोज पड्ताल कार्यक्रम
	लोकराज धिताल	७ दिन	१७९९।०	
	पृथ्वी रावत	७ दिन	१७९९।०	
	मदन सिंह खत्री	३	३९६०।०	दसैंको विदाको दिनमा पनि काज भत्ता लिइएको
२५७-२०८२।३।३	भिम प्रसाद दशौंदी		२०२३	

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **९,६५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३०,७५६

२९ **वितरणमुखी कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहाय बमोजिमको संस्थालाई भुक्तानी गरेको अनुदान अनुत्पादक, वितरणमुखी तथा प्रतिफल दिन नसक्ने कार्यमा खर्च गरेको देखिएकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

गो.भौ.नं./मिति	भुक्तानि पाउने	कार्यक्रम	विवरण	रकम	कैफियत
३५०/२०८१।०९।१९	आधुनिक महिला जागरण प्रा.ली.			रु.१००००००।०	
५०६/२०८१।११।२५	नवदुर्ग भवानी ट्रेस एण्ड सप्लायर्स		जेष्ठ नागरीकलाई समान वितरण	१४१८३७।०	
५३४/२०८१।११।२८	धन बहादुर रावत		जेष्ठ नागरिक लाई टर्चलाइट बाडेँको	१०००००।०	
८४०/२०८१।०२।२९	विभिन्न बिलको आधरमा भुक्तानी	जेष्ठ नागरिक तथा अपाङ्ग लक्षित कार्यक्रम वडा नं. १	(florentin.4 step Lunch box)	रु.२००००००।०	
९३२/२०८२।०३।०६	हमाल जनरल स्टोर	दलित विषेश कार्यक्रम	दलित विषेश कार्यक्रममा सिरक बितरणक़	५००००।०	
१००७/२०८२।०३।१३	वि.पि.डि. भाडाँ तथा पलाष्टिक पसल एण्ड सप्लायर्स	दलित लक्षित कार्यक्रम	दमाह तथा भाडा खरिद कार्यक्रममा दमहा वितरण	१८७५०।०	
१००९/२०८२।०३।१३	वि.पि.डि. भाडाँ तथा पलाष्टिक पसल एण्ड सप्लायर्स	दलित लक्षित कार्यक्रम	दलित लक्षित कार्यक्रममा ट्वाइलेट सेट हरपिक बुरुश साबुन तथा डस्टविन वितरा	१०००००।०	
१०२६/२०८२।०३।१६	डिसयाविलिटि ईम्पावरमेन्ट सेन्टर		अनाथ बालबालिका लाई सहयोग	४०००००।०	
१०४३/२०८२।०३।१७	नैनसि भाडाँ पसल	उपाध्यक्ष सगँ सहिद तथा बेपत्ता पारिएका परिवार सम्मान कार्यक्रम	सम्बन्धित परिवारलाई कासको थाल, कचौरा र अम्खोरा २६.२५० केजि वितरण	८४८३४।०	कसले बुझेको भनि स्पष्ट उल्लेख नगरेको
९६९/२०८२।०३।०६	धन बहादुर रावत	महिला लक्षित कार्यक्रम अन्तर्गत	वडा नं. ३ का चार महिला समूहका ९४ वटा थाली वितरण	२३००००।०	कार्यक्रम सगँ सम्बन्धित नभएको

३० **महिला लक्षित कार्यक्रम** (११०९-2082-03-19):

पालिकाले महिला लक्षित कार्यक्रममा तिज बिशेष कार्यक्रम, २०८१ सञ्चालन गरी धिरेन्द्र एण्ड धर्मेन्द्र होटलका प्रोपाइटर (सत्य देबी आचार्य सिंजा २ चुलेगार्ड) लाई विभिन्न मितिको बिलको आधारमा रु.१०००००।० भुक्तानी दिएको छ । भुक्तानी प्रयोजनको लागी कार्यक्रमको विस्तृत विवरण तथा सहभागीको विवरण समावेश गरेको छैन। पालिकाले यस प्रकारको खर्च गर्दा लागत अनुमान तयार गरी सोहीबमोजिम खर्च गर्ने तथा यस्तो प्रकृतीको पुँजीनिर्माण नगर्ने शीर्षकमा गरिने खर्चमा नियन्त्रण गर्नुपर्दछ।

बिल भएको	बिल नं.	मिति	विवरण	रकम
मानव जनरल स्टोर		२०८१।०५।२०	केरा मैदा आटा दुध तेल रहेको	१५०००।०
धिरेन्द्र एण्ड धमेन्द्र होटल एण्ड रेष्टुरेन्ट	४३	२०८२।०३।०५	खाजा, दूध चिया, नास्ता, रोटी, केरा फलफूल	१७०००।०
धिरेन्द्र एण्ड धमेन्द्र होटल एण्ड रेष्टुरेन्ट	४४	२०८२।११।१४	खाजा मासु दुध केरा चिया नास्ता लगायत	१९९५०।०
अम्बिका होटल एण्ड रेष्टुरेण्ट		उल्लेख नगरेको	मासु दुध चिनी	११०००।०
अम्बिका होटल एण्ड रेष्टुरेण्ट	२१०	२०८१।११।२४	केरा विस्कुट	५०५०।०
मानव जनरल स्टोर	२२१		चिनी काजु किसमिस दूध पाकेट	१९६००।०
प्रेम एण्ड सन्तोष होटल एण्ड रेष्टुरेन्ट		२०८२।११।२६	दुध चिनी केरा विस्कुट	१२४००।०

३१ **जिन्सी दाखिला नभएको** (४६०-2081-11-06):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ ।पालिकाले गोरख बहादुर बोगटीलाई रु.१५०००।० भुक्तानी भएकोमा बुक खरिद भनि उल्लेख गरेकोमा जिन्सी दाखिला भएको छैन। अतः खरिद भएको सामान दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१५,०००

३२ **बढी भुक्तानी** (१२००-2082-03-23):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। विशाल चौलागाईलाई विभिन्न होटल बिलको आधारमा रु.१३७०००।० भुक्तानी भएको छ। पालिकाले विविध खर्च वडा अनुसार के कति केमा खर्च गर्न स्पष्ट कार्यविधि नहुदाँ होटल बिलको आधारमा मात्र भुक्तानी भएको देखिन्छ । यस्ता खर्चमा पालीकाले नियन्त्रण गरिनु पर्दछ। विशाल चौलागईको निवेदन तथा संलग्न बिलभरपाई अनुसार रु.९५८७०।० को बिल समावेश भएकोमा रु.१३७०००।० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु.३९०७५।० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३९,०७५

३३ **तालिम अवधिको स्थानीय भत्ता**

स्थानिय भत्ताको सम्बन्धमा २०७१।०४।०२ को २ (ग) मा कुनै कर्मचारी स्थानिय भत्ता पाउने स्थानमा बसि काम गरेको मात्र त्यस्तो भत्ता पाउने तर कर्मचारीको पदस्थापन स्थानिय भत्ता पाउने स्थानमा भएतापनि निजामति सेवा ऐनको दफा १८(२) बमोजिम काजमा वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा एक महिना भन्दा बढि बसी काम गरेमा निजले सो अवधि भर स्थानीय भत्ता नपाउने वा त्यस्तो स्थानको निमित्त तोकीएको भत्ता मात्रै पाउने व्यवस्था छ। देहाय बमोजिमको कर्मचारी साथै पालिकाले एकिन गरि सेवाकालिन तालिममा भत्ता नपाउने स्थानमा एक महिना बढि अवधि खटिएकोमा समेत स्थानिय भत्ता भुक्तानि गरेकोले असुल गर्नुपर्ने रु.

गो.भौ.नं./मिति	भुक्तानि पाउने	स्थान	भुक्नानि
४४४/२०८१।११।०६	नौला सिंह भण्डारी	चितवन	६८३०।०

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-३** को निर्णयले रू **६,८३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	६,८३०

३४ **समानीकरण अनुदान बाट शिक्षक अनुदान** (१०८४-2082-03-18):

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुमान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले दलित कार्यक्रम अन्तर्गत भैरब मा.वि. नराकोटलाई शिक्षक तलब भत्ताको लागी रु.१५००००।० भुक्तानी दिइएको छ । स्विकृत दरबन्दी बेगर शिक्षक राख्न नपाइने भएकोले नियमसंगत नभएको रकम रु.

अनियमित भएको	१,५०,०००

३५ **गाउपालिका भवन निर्माण**

३५.१ गाउपालिका भवन निर्माण : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च भुक्तानी गर्दा बिल, भर्पाई, प्रमाण र अन्य कागजात समावेश गरी सोही वमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम १२३ को बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापँजाच गरी नापि परिमाण बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिका भवनको निर्माण कार्य विजयी RNB JV ले गरेकोमा स्थलगत निरीक्षण गर्दा ३ वटा ग्रिडमा Brick Masonry wall नभएको, Plaster को काम कम भएको, Structure माथिको ४ वटा Column को कार्य नै नगरी भुक्तानी दिएको देखिएकोले सम्बन्धितलाई जिम्मेवार बनाई असूल गर्नुपर्दछ।

३५.२ **गुणस्तरमा आश्वस्तता** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक नियकायले रनिङ विल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । भवनको wall हरु बाङ्गोटिङ्गो लगाएको, इटाँको टुक्राहरु द्धारा लगाएको कमसल इटाँको प्रयोग गरेको, Column र floor Beam मा compaction नगरेको देखिएकोले गुणस्तर कार्य गरेको देखिएन ।

३५.३ ठेक्काको अवधी २०७९।११।२९ देखि २०८१।०६।३० सम्म रहेकोमा लेखापरीक्षण अवधी २०८२।०५।०९ सम्म ठेक्काको म्याद थप भएको छैन ।

३६ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि किताब मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार योजनाको कार्य गर्दा बढी भुक्तानि भएको रकम सम्बन्धित बाट असूल उपर गर्नुपर्ने रु.

योजनाको नाम	निर्माण व्यवसायी	कामको विवरण	परिमाण	दर	जम्मा	कैफियत
फुटासिली मा.वि. भवन	लामा विष्णु नि.से.	RCC M20	०.४४१ घन मिटर	१३०००	५३७३	Column को Height २.८५ मि हुनुपर्नेमा ३ मि. दिएको ।
		Re-Bar	४५ केजि	११८	५३१०	
		Form work	५.०४	१२०	६०४.८	
सिंजा खा.पा. को १,३,५र ६ को बृहत खानेपानी विष्टवडा खा.पा.	Asion Builders	Insurance	–	–	२०४८२.९३	इन्सोरेन्सको बिल १२९५१७ रहेकोमा रु.१५००००।० भुक्तानि भएकोले
		As built Drawing			१०००००	
		Insurance	–	–	१४६६.७५	बिल कम समावेश गरेको
फार्सेवाडा देखि केदारस्थान सम्म ग्रामिणसडक स्तोरउन्नती	ग्रेट नेपाल इन्जिनियरिङ्ग कन्ट्रक्सन सप्लायर्स	Lab test	–	–	१६०००	विजक समावेश नभएको
		RCC work m20	३०.८	१३५००	४१५८००	
वडा नं. ३ र ५ को भवन निर्माण (२ वटा भवनमा)	रोयल रेग्मी कन्स्ट्रक्सन प्रा.ली.	E/W in foundation	३९१.९८	४८	१८८१५.०४	-Grid २ - २ देखि ६ - ६ सम्म , ०.४५ Breath हुनुपर्नेमा बढि दिएको र grid A To D मा २०.६७ हुनुपर्नेमा ११२.५४ दिइएकोले बढी भएको
		Stone masonry in Toe wall	८.३७९	५४७५	४५८७५	- TOE wall को height ०.५५ मि दिनुपर्ने मा (१ - ०.२३ - ०.२२) ०.६५ ले बढि भएको बिल भरपाई नपुग भएको
		Insurance			३०००	
स्याउले खानेपानी	रोयल रेग्मी कन्स्ट्रक्सन प्रा.ली.	E/W excavation for pipeline	१०००	९१.६९		२००० खरिद गरेको देखाएकोमा १००० र.मि. मात्र ३२१० को पाइप प्रयोग भएको
रोप्नी जनजागृती प्रा.वि.	रोप्नी जनजागृती प्रा.वि. उ.स.	Stone Masonry (1:6)	८.७४ घनमिटर	१५२४८.२	८८१०४	Lower tie Beam को size ०.३५ रहेकोमा TOE wall 0.60 मिटर दिएकोले बढी भएकोमा user contribution घटाएर असूल गर्नु पर्ने
		Stone Masonry (1:6)	२.२८ घनमिटर	१५२४८.२	२६४२०.८९	Bill, lintel नघटाएकोले उ.स.को योगदान घटाएर असुल गर्ने
वडा नं. २, ३ को आधारभुत स्वास्थ्य केन्द्र भवन	वडा नं. २, ३ को आधारभुत स्वास्थ्य केन्द्र भवन उ.स.	RCC(M20)	०.२८१२ घनमिटर	१८०४४.५	५०७४.११	Bill, steel नघटकोमा उ.स. योगदान घटाएको
		Brick Masonry	२.५८ घनमिटर	२८०८६.२४	६३०४१.९४	Sill lintel नघटेको
आधारभुत स्वास्थ्य केद्न्र भवन- २ विष्टडोल	आधारभुत स्वास्थ्य केद्न्र भवन-२ विष्टडोल उ.स.	Brick Masonry	३.२९ घनमिटर	२७५८८.७	७६६५१	Sill lintel नघटेको
जम्मा					८९२०१९	

असुल गर्नुपर्ने	८,९२,०१९.७७

३७ **जनसहभागिता**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा मूल्य अभिवृद्धी कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत रु.१ करोड रुपैँया सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समित मार्फत गर्न सकिने व्यवस्था रहेको छ । जाँच खानेपानी योजनामा उपभोक्ता समिति मार्फत कार्य गर्दा सम्झौता अनुसार उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम व्यहोरेको नपाइएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.

योजनाको नाम	मूल्याङ्कन रकम	व्यहोर्नुपर्ने प्रतिशत	व्यहोर्नुपर्ने रकम	व्यहोरेको रकम	बढी भुक्तानि रकम
जाँच खानेपानी योजना	२२३०७७२.३८	१५	३३४६१५	१७६७२८	१५७८८७.८

असुल गर्नुपर्ने	१,५७,८८७.८

३८ **मोटरबाइक**

विष्ट वाडा खानेपानी आयोजनामा कार्यालयले २ वटा मोटर बाइक खरिद गरी रु.६०००००।० खर्च लेखेको छ । सार्बजनिक निर्माण कार्यको लागत अनुमान तयार गर्दा BOQ मा सवारी साधन राखी खरिद गर्न नमिल्नेमा पालिकाले BOQ बाट मोटरसाइकल खरिद गरेकोले अनियमित देखिएको रु.

अनियमित भएको	६,००,०००

३९ **भेरिएसन**

सार्वजनिक निकायले निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५४(१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। दफा ६३(१) मा सम्झौताबमोजिम कार्य नगर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालोसुचीमा राख्नु पर्ने तथा कार्यालयलाई व्ययभार पर्ने रकम निर्माण व्यवसायी बाट असुल गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले देहायबमोजिमको कार्य गर्दा सम्झौता भन्दा नड्डुन काम गरेको अवस्थामा समेत उपरोक्त व्यवस्था बमोजिम कारबाही नगरी कार्यसम्पन्न दिएको छ। कानुनी व्यवस्थाको पालना गरी भेरिएशन आदेश जारी गर्नुपर्ने वा कालोसूचीमा राखी क्षतीपूर्ती असुल गर्नुपर्दछ।

योजनाको नाम	निर्माण व्यवसायीको नाम	सम्झौता रकम	अन्तिम सम्म भुक्तानि रकम	सम्झौता भन्दा कम कार्य प्रतिशत
वडा नं. १,३,५,६ को बृहत खानेपानी	Asian Builders	६६७१९४८.९९	४९२७५४३.९६	२६.१४
विष्ट वाडा खानेपानी	ग्रेप नेपाल इन्जिनियरीङ्ग कन्ष्ट्रक्सन एण्ड सप्लायर्स	७०६११९१.९३	४६०९७८८.७१	३४.७१
फार्सेवाडा देखि एकेदारस्थान सम्मा ग्रामिण सडक	रोयल रश्मी कन्ष्ट्रक्सन प्रा.ली.	७८४०४६५.११	२५१५६८४	६७.९१
धितालिही देखि भाडगाउँ सम्म ग्रामिण सडक	रोयल रश्मी कन्ष्ट्रक्सन प्रा.ली.	७५८४७३२.९७	४६६०७५५.७१	३८.५५

४० **ड्रइङ्ग डिजाइन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ (१) बमोजिम ड्रइङ्ग डिजाइन गरी कार्य गराउनु पर्दछ । निम्नानुसार योजनाको Structure को कार्य गर्दा Drawing, Design पेश नगरेकोले लागत अनुमान र प्राविधिक मूल्याङ्कन एकिन गर्न सकिएन । केही उदाहरण

योजनाको नाम	कामको विवरण	लागत अनुमान
रोइली जनजागृती प्रा.वी.	भवन निर्माण	२५००००००।०
सिंजा बहुमुखि क्याम्पस देखि ढाडरखर्क सडक	सडक र स्ट्रक्चर	२२८४८६३।
कालिका आ.वि.	भवन	१५००००००।०
आधारभुत स्वास्थ सेवा केन्द्र भवन	भवन	३८९३९००।०
आधारभुत स्वास्थ सेवा केन्द्र भवन वडा नं.	भवन	५०५२९९८।०

४१ **फरक शीर्षक**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकबाट बजेट खर्च लेख्नु पर्दछ । पालिकाले यस वर्ष निम्नानुसार व्यक्ति तथा संस्थाहरुलाई विभिन्न समाग्रीहरु वितरण गरेको छ । बजेट मार्फत योजना कार्यान्वियन गर्नुपर्नेमा सिधै व्यक्तीलाई आदेश र चिटको आधारमा सामाग्रि खर्च लेखेको कार्यको प्राविधिकबाट मूल्याङ्कन समेत नभएकोले उक्त कार्य भएको सुनिश्चित गर्न सकिएन । अत प्राविधिक मूल्याङ्कन गरी व्यक्तिगत प्रयोगमा कार्यालयको बजेट खर्च गर्नु उपयुक्त नदेखेकोले अनियमित देखेको रु.

गो.भौ.नं./मिति	खर्च रकम	सामाग्रीको नाम	कैफियत
११/२०८१।०८।१७	१५०११९।०	जस्ता पाता र पाइप	खोला सफा गरेको शिर्षक फरक पारेको
१९/२०८१।०९।०८	३२४०००।०		
२५/२०८१।०९।११	१६२०००।०	पाइप	
३७/२०८१।११।१३	२०८८७९।०	जस्ता पाइप	
४०/२०८१।१०।२८	५००००।०	जाली	
४२/२०८१।१०।२९	३००००।०	ग्राभेल	
१००/२०८२।०३।०६	९९९९५।०	पाइप	
१३५/२०८२।०३।१६	१७८४८।०	पाइप	
२०६/२०८२।०३।२३	२४२५००।०	ग्याविन जाली	
२०५/२०८२।०३।२५	४९९७९।०	जस्तापाता	
२६५/२०८२।०३।२५	१०३०००।०	जस्तापाता	
२६७/२०८२।०३।२५	१८५०००।०	विभिन्न	
२७०/२०८२।०३।२५	६५०००।०	गेट निर्माण	

अनियमित भएको	१६,८८,३२०

४२ **विस्तृत परियोजना प्रतिवेदन**

गाँउपालिकाको पुल, कोटेसाँघु र केदारनाथ मन्दिरको डीपीआर तयार गरी खर्च लेख्दा लागत अनुमानमा तोकिएको अवधिको सबै जनशक्तिले काम नै नगरी प्रतिवेदन प्राप्त गरेको छ। अत: प्रतिवेदन तयार भएको एकिन गर्न सकिएन।

४३ **विस्तृत परियोजना प्रतिवेदन** (4-2082-03-23):

गुरो इन्जिनियरीङ्ग ग्रुपले आधारभुत स्वास्थ्य केन्द्र भवन नराकोटको भवन निर्माणको लागि रु.४९७२०० को डीपीआर तयार गरेको छ । भवनको रु.३८०००००।० मा निर्माण भएको देखिन्छ ।डीपीआरको जिन्सी दाखिला २०८२।०३।२३ मा माग भएको र भवन निर्माण सम्पन्न २०८२।०३।२३ मा भएको पाइएकोले सानो संरचनाको लागत अनुमान आफ्नै जनशक्ती बाट तयार गर्नपर्ने र योजना सम्पन्न मिति र डीपीआर सम्पन्न मिति एउटै देखिएकोले यस प्रकार को खर्च गर्नु उपयुक्त देखिएन।

४४ **पूर्व निर्धारीत क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (क) मा डिजाइन परिवर्तन भएका, वजेट नपुग भएमा, निर्माण स्थल उपलबध नभएमा, समयमा भुक्तानी हुन नसकेमा, निर्माण सामाग्रीको अभाव भएमा र प्राकृतिक विपद परेको कारणवाट सम्झौता अनुसारको कार्य पूरा नभएमा पूरा नहुनुको कारण सहित पुष्ट्याँइ गरी यो व्यवस्था जारी भएको ३० दिन भित्र कार्यतालिका सहित निवेदन दिएमा म्याद थप गर्न सकिने र थप अवधिमा कामको प्रगती भए नभएको विषयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ । माथिको अवस्था नरहेको र थपिएको समयमा समेत काम नगरी निर्माण व्यवसायिको ढिलाईको कारणले काम हुन नसकि प्रतिफल प्राप्तिमा ढिलाई भएको अवस्थामा सोहि नियमको नियम १२१ अनुसार प्रतिदिन ०.०५ का दरले पूर्व १० प्रतिसत सम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ । सिंजा खा.पा. १,३,५ र ७ को कार्य हिमालयन कन्स्ट्रक्सनले गरेकोमा ठेक्का अवधि २०८१-०६-२३ सम्म रहेकोमा २०८१।०९।०५ मा काम सम्पन्न माग गरेको निर्माण व्यवसायीको निवेदन र वडाको सिफारिस समेत देखिएकोले ठेक्का अवधी भन्दा ७२ दिन ढिलो कार्य गरेको पाइएकोले ठेक्का रकम रु.११२७३२७०।० को प्रतिदिन ०.०५ प्रतिशतको दरले हुने रकम असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	४,०५,८३७.७२

४५ **शिक्षक तलब बढी भुक्तानी** (10-2081-06-18):

शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनको आधारमा गर्नुपर्दछ। पालिकाले मालिका मा.वि. सिंजा-२ का प्रा.वि.द्वितीय शिक्षक श्री जय बहादुर रोकायालाई प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा तलब भत्ता निकासा गर्दा प्रा.वि. प्रथम तहको दरमा निकासा गर्दा देहायानुसार रु.४९४५४।० बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

विवरण	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	कैफियत
तलब ९ महिनाको	३९३२०१	३१२५७०	पारित ग्रेड ८ प्रा.वि. द्वितीय भुक्तानी ग्रेड १ प्रा.वि.प्रथम
स्थानीय भत्ता	१०६२९०	६९३९०	
सञ्चय कोष थप	४०६३५	३९५९१	
चाडपर्व	४५१४५	४३९९४	
ग्रेड	१३१०४	८३३७६	
जम्मा	५९८३७५	५४८९२१	
बढी भुक्तानी	४९४५४		

असुल गर्नुपर्ने	४९,४५४

४६ **दिवा खाजा भुक्तानी**

४६.१ शिक्षा मन्त्रालयको सशर्त कार्यक्रमको कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०८१।८२) को क्रियाकलाप नं. २.७.११.१ मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.२५।० का दरले अधिकतम १८० दिनसम्मको विद्यालयलाई विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले Emis प्रतिवेदन, हाजिरी विवरण तथा मागको आधारमा दिवा खाजा खर्च भुक्तानी गरेको छ। अतः कार्यक्रम निर्देशिका अनुसार मात्र खर्च गर्नुपर्दछ।

४६.२ (141-2081-12-29):

भैरब आवि को कक्षा ५ मा EMIS विवरण अनुसार २० जना विद्यार्थी रहेकोमा ३१ जनाको माग फारम अनुसार भुक्तानी दिँदा श्रावण देखि मंसिर सम्ममा ९०० दिनको बढी खाजा खर्च भुक्तानी भएकोले विद्यालयबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२२,५००

४६.३ त्यस्तै भैरब आवि को कक्षा ५ मा EMIS विवरण अनुसार २० जना विद्यार्थी रहेकोमा ३१ जनाको माग फारम अनुसार भुक्तानी दिँदा दोस्रो निकासामा फाल्गुण र चैत्र महिनाको EMIS विवरण भन्दा ३२८ दिनको बढी भुक्तानी भएको पाइएकोले उक्त रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	८,२००

४७ **वितरण भरपाई नरहेको** (92-2081-11-06):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट कक्षा १ देखी ३ मा पढाई तथा गणित क्षेत्रका थप सिकाई सामाग्री छपाई तथा वितरण अन्तर्गत रु.१९६१४५।० किताब खरिद गरेकोमा वितरण गरेको भरपाई समावेश गरेको पाइएन। अतः उक्त सामाग्रीहरु विद्यालयलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९६,१४५

४८ **गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम** (223-2082-02-29):

गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४० (२) मा उद्यमको प्रकृती हेरी लघु उद्यम, उद्यमीको समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था छ । त्यस्तै दफा ४२ मा प्रविधिका सर्तहरुमा प्रविधिको उचित प्रयोग हुनुपर्ने, ५ वर्ष सम्म हकहस्तान्तरण गर्न नहुने, हक हस्तान्तरण गरेमा उपलब्ध गराईएको प्रविधि वापतको रकम असुल गरिने व्यवस्था छ । पालिकाले सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा गर्न प्रविधि हस्तान्तरण कार्यक्रमबाट दिपिका अटोपार्टस एण्ड रिपेयरिङ्ग सेन्टरका प्रोपाइटरलाई रु.१४००००।० भुक्तानी गरेको छ । जसबाट निजले मोटरसाईकल मर्मतको सामाग्री खरिद गरि बिल पेश गरेको देखिन्छ। कार्यविधिको व्यवस्था विपरित कार्यालयले हस्तान्तरण गर्ने सामाग्री वितरण गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,४०,०००

४९ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ वटा बर्थिङ सेन्टरमा यस वर्ष २०० प्याकेट थान को रु.८८४।० दरमा रु.१७६८००।० मा खरिद गरेकोमा यस वर्ष १७० जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाबाट गत वर्ष तथा यस वर्ष वितरण नभई मौज्दातमा रहेको न्यानो झोलाको विवरण प्राप्त हुन सकेन । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आँकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५० **इन्टरनेट जडान बील समावेश नगरेको**

विद्यालय व्यवस्थापन अनुदान अन्तर्गत पालिकाले देहायका विद्यालयलाई इन्टरनेट जडान शुल्क बापत भुक्तानी दिएकोमा इन्टरनेट जडानको प्रमाण तथा बिल समावेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

क्र.स.	विद्यालयको नाम	भुक्तानी	कैफियत
१	कालिका आ.वि.	१५०००	राउटर मर्मतको बील समावेश
२	महादेव मा.वि.	२००००	राउटर मर्मतको बील समावेश
३	कैलाश मा.वि.	२००००	राउटर सर्भिसिङ्गको बील समावेश
४	देउराली रत्नलाल आ.वि.	१२०००	राउटर सर्भिसिङ्गको बील समावेश

प्रमाण पेश नगरेको	६७,०००

५१ **भेडागाड खानेपानि आयोजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी परिमाण बमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। SUSWA परियोजना अन्तर्गत सञ्चालित भेडागाड खानेपानि आयोजनामा पाइप खरिद तथा लेइङ एण्ड जोइन्टिङ्ग देहायानुसार फरक परेको छ। पालिकाले बढी खरिद भएको पाइपको जिन्सी दाखिला नगरेको तथा हस्तान्तरण समेत नगरेकोले बढी खरिद देखाई भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

विवरण	खरिद (मिटर)	लेइङ एण्ड जोइन्टीङ्ग (मिटर)	फरक	दर	रकम
६३,७५,९० mm	११९७९	८८७९	२३००	१९१	४३९३००
२०,२५ mm	२२९४	२८९४	६००	२९.७५	१७८५०
जम्मा					४७५११५०

असुल गर्नुपर्ने	४,७५,१५०

५२ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले न्यू जिपि ट्रेडर्सबाट रु.३३२६४०।० को देहायानुसारका सामाग्री खरिद गरेकोमा दाखिला नगरेकोले दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

विवरण	रकम	कैफियत
हेल्मेट (१५०)	४५०००	वितरण भरपाई समेत नभएको
गमबुट (१५०)	११८५००	
ज्याकेट (३४०)	५१०००	
ग्लोब्स (३३०)	४९५००	
मूअकर	३४३२४	
	३३२६४०।०	

प्रमाण पेश नगरेको	३,३२,६४०

५३ अग्रिम कर

आयकर ऐनको दफा ८८ अनुसार १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा देहायानुसारका खरिदमा कर कट्टी गरेको नपाइएकोले असुल गर्नुपर्ने रु.

गोभौ नं.	विवरण	भुक्तानी	अग्रिम कर
१०९-२०८१।१२।०७	आधारभुत तथा आकस्मीक स्वास्थ्य सेवाको लागी औषधी खरिद	५३३६४०	८००४.६
३४८-२०८२।३।२०	आधारभुत तथा आकस्मीक स्वास्थ्य सेवाको लागी औषधी खरिद	४७५५३१	७१३३.०
११-२०८२।३।२२	भैसेगौडा झो.पु. निर्माण उपभोक्ता समिति	२६८१२९(मूअकर बील)	३५५९.०
	जम्मा		१८६९६।०

असुल गर्नुपर्ने	१८,६९६.६

५४ नर्म्स विपरित भुक्तानी

५४.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। SUSWA आयोजना अन्तर्गत २ दिने तालिममा सहभागी १६ लाई खाना, आवास खर्च रु.२००० को दरमा भुक्तानी दिएको छ। SUSWA कार्यविधिअनुसार तालिम कार्यक्रममा खाना आवास खर्चबापत रु.२०००।० तथा दिउसोको खाजाको लागी रु.२५०।० को दरमा खर्च लेख्न पाउने व्यवस्था छ । पालिकाले खर्च लेख्दा बिहानको खानाबापत समेत रु.३२००।० खर्च लेखेको पाइएकोले उक्त नपाउने खर्च असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,२००

५४.२ (११८-2081-12-10):

सबैका लागी दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) आयोजना अन्तर्गत सरसफाई तथा सुरक्षीत महिनावारी कार्यक्रम अन्तर्गत छक्क बुढालाई रु.५९०००।० भुक्तानी गरेको छ। संलग्न विवरण अनुसार पालिकामै सञ्चालित १ दिने कार्यक्रममा सहभागी पालिका कर्मचारी, जनप्रतिनिधि र प्रहरी चौकी लगायतका १५ जना कर्मचारीलाई रु.१३००।० को दरमा खाना तथा आवास खर्च उपलब्ध गराएको छ । Suswa कार्यविधि अन्तर्गत खाना आवास खर्च आवासिय रुपमा तालिम सञ्चालन गर्ने अवस्थामा विहानको खाना, बेलुकाको खाना तथा आवास र आकस्मीक खर्चको लागी खर्च बाँडफाँड गरी दिएको छ । उक्त कार्याक्रममा खाजा खर्च भुक्तानी गरिसकेपश्चात पुनः आवास खर्च भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१९,५००

५५ भत्ता बढि भुक्तानी

५५.१ (738-2082-02-02):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। WASH Unit का कर्मचारीहरुको भ्रमण भत्ता तथा यातायात खर्चबाट उपाध्यक्ष श्री सितली रोकायालाई भ्रमण भत्ता भुक्तानी गरेको छ । २०८१।१२।१८ र १९ गतेको २ दिने आवासिय तालिम कार्यक्रममा सहभागी हुन २०८१।१२।१६ देखी २०८१।१२।२२ सम्मको ७ दिनको भ्रमण आदेश स्वीकृत भएको छ। तालिममा सहभागी हुन पठाएको पत्रमा तालिम अवधिको खाना र आवासको व्यवस्था

आयोजनाले नै गर्ने तर आउने र जाने समयको दैनिक भ्रमण भत्ता र यातायात खर्च Wash Unit बाट व्यहोर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा पालिकाले तालिमको दिनकोसमेत भत्ता भुक्तानी गरेकोले नपाउने भत्ता असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,२००

५५.२ त्यस्तै तालिममा सहभागी हुन पठाएको पत्रमा तालिम अवधिको खाना र आवासको व्यवस्था आयोजकले नै गर्ने तर आउने र जाने समयको दैनिक भ्रमण भत्ता र यातायात खर्च Wash Unit बाट व्यहोर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा पालिकाले तालिम अवधिको समेत भत्ता भुक्तानी गरेकोले नपाउने भत्ता असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,६००

५५.३ (७३८-2082-02-02):

WASH Unit का कर्मचारीहरुको भ्रमण भत्ता तथा यातायात खर्चबाट उपाध्यक्ष श्री सितली रोकाया लाई भ्रमण भत्ता भुक्तानी गरेको छ । २०८१।८।१८ गतेको १ दिने कार्यक्रममा सहभागी हुन २०८१।८।१६ देखी २०८१।८।२२ सम्मको ७ दिनको भ्रमण आदेश स्वीकृत भएकोमा पालिकाले ८ दिनको भ्रमण खर्च भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको भ्रमण भत्ता असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,६००

५६ **गरिबसँग विशेश्वर कार्यक्रम**

पालिकाले गरिबसँग विश्श्वर कार्यक्रम अन्तर्गत वडा नं. १ मा बाख्रा वितरण कार्यक्रम सम्पन्न गरेको छ । स्थानीय किसान गोगन दमाईसँग भरपाई गरी प्रति बाख्रा रु.१०,०००।० को दरमा २० वटा बाख्राको लागी रु.२,००,०००।० भुक्तानी गरेको छ ।अनुदानमा वितरण गरेको बाख्राको विमा गरेको प्रमाण तथा स्वास्थ्य परीक्षण प्रतिवेदन समेत समावेश गरेको नदेखिँदा वितरण गरिएको अनुदान सहि रुपमा प्रयोग भएको तथा सोको लाभ समुदायले लिएको भन्ने यकिन हुन सकेन । अतः वितरित बाख्राको बीमा तथा स्वास्थ्य परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

५७ **स्वीकृत भ्रमण आदेश बेगर खर्च** (२२१-2082-02-29):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। त्यस्तै भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेश तथा भ्रमण बिलको आधारमा गर्नुपर्दछ । Suswa Unit अन्तर्गतको विस्तारित खानेपानी सुरक्षा योजना तालिम खर्च शिर्षकबाट दिपक रोकायालाई रु.४९०००।० भुक्तानी गरेको छ । संलग्न बील भरपाई अध्ययन गर्दा खानेपानी तथा ढल व्यवस्थापन विभागको रु.७४५५।० को बील तथा अन्यमा हवाई यातायात भाडा रु.२६५२४।०,खाना आवास खर्च रु.११९००।० (कर कट्टी बाहेक)र गाडि भाडा रु.१२००।० समावेश गरेको पाइयो । स्वीकृत भ्रमण आदेश वेगर भएको यस्तो भुक्तानी असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३९,६२४

५८ **जिन्सी आम्दानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक

गर्नुपर्ने व्यवस्था छ। कार्यालयले SUSWA कार्यक्रम अन्तर्गत सूचना, शिक्षा तथा संचारमूलक सामाग्री शिर्षकबाट रु.१६०००।० को इन्भर्टर खरिद गरेकोमा उक्त इन्भर्टरलाई खर्च भएर जानेमा आम्दानि बाँधेको छ । नियमानुसार खर्च भएर नजानेमा आम्दानी बाँध्नुपर्दछ।

५९ स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले संघिय शसर्त शिर्षकबाट १५०९० थान स्यानिटरी प्याड रु.४००७१४।० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६० दोहोरो भत्ता भुक्तानी

कार्यसञ्चालन निर्देशिका, २०८१ अनुसार कुनै पनि तालिममा सहभागी भई सहभागी भत्ता पाएकोमा दैनिक भत्ता वा आवास खर्च नपाउने उल्लेख छ । पालिकाले सञ्चालन गरेको स्वास्थ्य चौकी न्यूनतम मापदण्ड सम्वन्धी कार्यक्रममा अम्मर रावल र विराज जि.सी.ले सहभागी भत्ता लिएकोमा दैनिक भ्रमण भत्ता समेत भुक्तानी लिएको पाइएकोले दोहोरो भुक्तानी देखिएको भुक्तानी जनही रु.८५०।० को दरले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,७००

६१ किसान सूचिकरण तथा परिचय पत्र वितरण नमुना कार्यक्रम

किसान सूचीकरण कार्यक्रम कार्यान्वियन विधि, २०७७ को अनुसूची ५ मा खर्चको मापदण्ड सम्वन्धी व्यवस्था छ । जसमा सूचिकरण कार्यक्रमको अधिकतम २० प्रतिशत रकम कृषक प्रमाणीकरणको लागी वडा समितीको बैठकहरु व्यवस्थापनमा (बैठक भत्ता र खाजा खर्च लगायत) मा खर्च गर्न पाउने व्यवस्था छ। पालिकाले यस वर्ष छुट भएका २०० जनाको विवरण संकलन गरेकोमा विवरण प्रमाणीकरण र समिति बैठक भत्तामा रु.५५०००।० खर्च गरेको छ । कार्यविधि अनुसार कुल बजेट रु.१ लाखको अधिकतम २० प्रतिशत अर्थात रु.२००००।० मात्र खर्च गर्नुपर्नेमा रु.३५०००।० बढी भुक्तानी भएकोले नियमसम्मत नभएको रु.

अनियमित भएको	३५,०००

६२ सामाजिक सुरक्षा भत्तातर्फ

६२.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन। तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

६२.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु.६,७४,९७,०००।०

सम्बन्धितको खातामा पठाईएको पाइयो। सामाजिक सुरक्षाको सुचना प्रणालीको लाभार्थी भुक्तानी प्रतिवेदन अनुसार रु.३५२२०९।० वितरण नभई बैकबाट फिर्ता लिनुपर्ने देखिएकोमा लेखापरीक्षण अवधिसम्म फिर्ता गरेको देखिएन । अतः उक्त रकम फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,५२,२०९

६३ **फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स तथा दररेटको प्रयोग गर्नुपर्दछ । **पालिकाले यस वर्ष कार्यान्वयन गरेका बाटो निर्माण सम्वन्धी कार्यमा सडक विभागबाट स्वीकृत नर्म्सको प्रयोग गर्नुपर्नेमा स्थानीय विकास पुर्वाधारको नर्म्स प्रयोग गरी कार्य गरेको पाइयो । केही योजना नमुना छनौट गरी हेर्दा दर फरक परी बढी भुक्तानी भएकोले पालिकालाई बढी व्ययभार भएको रु.**

विवरण	Quantity	Rate Dolidar	Dor rate	Different	total Amount
jhulunga pull dhaki dhapa gau sama p.c.c work					
stone soiling in found.	**14.40**	8348.50	7864.80	483.70	**6965.22**
P.C.C Work 1:3:6	**7.20**	15205.23	12887.89	2317.34	**16684.86**
Nauli ghatta sidi and sama p.c.c work					
stone soiling in found.	**10.24**	8348.50	7864.80	483.70	**4951.83**
P.C.C Work 1:3:6	**6.83**	15205.23	12887.89	2317.34	**15815.86**
Stap Ramp 1:2:4	**3.12**	18046.58	15094.28	2952.30	**9211.18**
Pakura bada dhaki tharpi bada sama p.c.c work					
P.C.C Work 1:3:6	**14.74**	15205.23		2317.34	**34157.62**
Wadari khola dhaki chukari sama hilo rahit bato					
stone soiling in found.	**13.00**	8348.50	7864.80	483.70	**6288.04**
P.C.C Work 1:3:6	**10.40**	15205.23	12887.89	2317.34	**24100.36**
Pigi gaue hilo rahit pcc					
stone soiling in found.	**20.28**	8348.50	7864.80	483.70	**9809.35**
P.C.C Work 1:3:6	**20.28**	15205.23	12887.89	2317.34	**46995.70**
Narakot bazar dhaki ilakha prasasan karayalya jana bato					
stone soiling in found.	**3.24**	8348.50	7864.80	483.70	**1567.17**
P.C.C Work 1:2:4	**37.145**	18046.58	15094.28	2952.30	**109663.28**
Stone Masonary 1:6	**31.15**	12911.5	12719.39	192.11	**5984.2265**
Rainforcemrnt Work 10 mm	**1078.8**	143.47	138.64	4.83	**5210.604**
Rainforcemrnt Work 8 mm	**691.08**	143.47	138.64	4.83	**3337.9164**

कार्यालयले कार्यान्वयन गरेका सम्पूर्ण योजनामा दर फरक परेको देखिएकोले अन्य योजनामा समेत पालिकाले नै यकिन गर्नुपर्दछ ।

अनियमित भएको	३,००,७४३

६४ **पारिश्रमिक कर**

आयकर ऐन, २०५८ अनुसूची १ अनुसार पारिश्रमिक आय गर्ने प्राकृतिक व्यक्तिले तोकिएको स्लाब अनुसार कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायानुसारका पदाधिकारीलाई पारिश्रमिक भुक्तानी गरेकोमा न्यून पारिश्रमिक कर कट्टी गरेको पाइएकोले नपुग पारिश्रमीक कर असुल गर्नुपर्ने रु.

नाम थर पद	कर रकम	दाखिला रकम	नपुग कर	कैफियत
रोजगार संयोजक इन्द्रराज गिरी	८३६७	०	८३६७	
ई. राज कुमार भट्ट	४५००	०	४५००	प्रोत्साहन भत्तामा छुट
जगत घर्ती ज.वा.नि./छै.	१०४४५	१०००	९४४५	
प्रेम बम सिअहेव/छैटौ	२४६८६	१५०००	९६८६	
लंकराज धिताल	३१७९	०	३१७९	
लाल बहादुर बुढथापा	३१७९	०	३१७९	
जयलक्ष्मी भण्डारी	३१७९	०	३१७९	
जम्मा	७२५२२	१६०००	५६५२२	

असुल गर्नुपर्ने	५६,५२२

६५ **प्राविधिक अनुदान**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१।२०८२ मा स्थानीय तह मार्फत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा अनुदान वितरण गर्ने प्राविधिक शिक्षा तथा ब्यावसयिक तालिम परिषद्को सम्बन्धित प्रिडिप्लोमा कुनै एक कार्यक्रम सञ्चाालन भएको र चालु शैक्षिक सत्रमा कम्तिमा पचास प्रतिशत रजिष्ट्रेशन फारम र परिक्षामा सामेल भएकोलाई रु ७००००।० सम्म अनुदान दिने व्यवस्था छ। पालिकाले भैरब मा वि नराकोटलाई उक्त अनुदान भुक्तानी दिएकोमा शैक्षिक सत्रमा कम्तिमा पचास प्रतिशत विद्यार्थीले रजिष्ट्रेशन फारम भरेको र परिक्षामा सामेल भएको प्रमाण पेश गरेको देखिएन । अतः विद्यालयले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७,००,०००

६६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १० योजना सञ्चालन गरी यस वर्ष २८१ जनालाई औसत २८ दिनले ७९४३ दिन रोजगारी उपलव्ध गराई रु.३१,४२,४६२।० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

६७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको प्रत्येक त्रैमासिक कानुनबमोजिम आफ्नो आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यस्तै दफा ३ मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत अन्तिम लेखापरीक्षण हुनुअगाबै सम्परीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वर्षको अन्त्यमा गराएको छ। तर आन्तरिक लेखापरीक्षणले औल्याएका देहायानुसारका व्यहोरा अन्तिम लेखापरीक्षणको अवधिसम्म फस्यौंट फरफारक गरेको पाइएन। आन्तरिक लेखापरीक्षणबाट कायम भएको लगती बेरुजु देहायवमोजिम रहेको छ। उक्त बेरुजु कानुनी व्यवस्था बमोजिम संपरीक्षण गरी फरफारक गराउनुपर्दछ।

६७.१

आन्तरिक लेखापरिक्षणले देहायानुसारका व्यहोरा प्रमाण पेश गर्नुपर्ने औल्याएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म फस्यौंट तथा संपरीक्षण नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश गर्नुपर्ने			
२०/१९	लागत अनुमान तयार तथा प्राविधिकि नापजाँच बेगर भुक्तानी	पालिका	२०००००।०
३६/३४	विल तथा भर्पाइ पेश नभएको	पालिका	२५०००।०
४९/१२३५	खरिद प्रकृया पालना नगरेको	पालिका	२०००००।०
	जम्मा		४२५०००।०

प्रमाण पेश नगरेको	४,२५,०००

६७.२ आन्तरिक लेखापरिक्षणले देहायानुसारका व्यहोरा असुल गर्नुपर्ने औल्याएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म फस्यौंट तथा संपरीक्षण नगरेकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्न बेरुजु			
दफा/भौ.नं.	बेरुजुको विषय	सम्बन्धित पक्ष	रकम
१५/१२७	बहाल कर	खुकुडी ढुस्का देखी धारा सम्म पि सि सि निर्माण उ.स.	२१००।०
२६/६ गा. पा. पुजिगत	सामाजिक सुरक्षा कर	जाँच खानेपानी योजना उ.स.	१३०००।०
२७	बढि तलब भुक्तानी	मन्जु थापा	११७।०
३१/११६९	अग्रिम कर कट्टि नगरेको	4G कैलाश होटल	१४९९।८२
३३	अग्रिम कर कट्टि नगरेको	रुद्र प्रयाग मन्दिर निर्माण उ.स.	१०३०।०
३७/२६१	प्रशिक्षण भत्ता बढि भुक्तानि	सूर्य अधिकारी	२०४०।०
		मित्रलाल धिताल	१७००।०
		विनोद रायमाझी	१७००।०
		धनलाल बुढा	४०८०।०
		सरोज कुवँर	४७६०।०
३८/२४	सामाजिक सुरक्षा कर	क्याम्पस देखि ढाड खर्क सडक निर्माण योजना उ.स.	१३१०९।४६
३९	बैठक भत्ता नबुझाएको	मन्जु थापा	३०००।०
४१/६२३	बहाल कर कट्टि	धर्म चन्द्र शर्मा	३००।०
४२	कानुन विपरित भ्रमण भत्ता भुक्तानी	सरोज कुँवर	८२००।०
		राज कमार भट्ट	१०९६०।०
४४	बैठकमा अनुपस्थित भत्ता बुझेको	नौला सिं भण्डारी	२०००।०
		जय प्रकाश आचार्य	
४६	बैठक भत्ता नबुझाएको	जितेन्द्र शाही	८०००।०
४७	दोहोरो भुक्तानी (बैठक भत्ता र भ्रमण भत्ता)	छक्क बुढा, अंगराज धिताल र भिम दसौदी	३९००।०
५०	बैठक भत्ता नबुझाएको	दिपक रोकाया	७८००।०
५१	बैठक भत्ता असुली	इन्द्रराज गिरी	४२५०।०
		कमल आचार्य	२५५०।०
		जयप्रकाश आचार्य	२५५०।०
		धर्मेन्द्र शर्मा	१७००।०
		पदम बहादुर भण्डारी	१७००।०
		विरेन्द्र बोहोरा	१७००।०
		रविन बुढथापा	२५५०।०
		राज कुमार भट्ट	१७००।०
		सुर्य अधिकारी	१७००।०

	जम्मा		१०९६९६४६।२८

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-३** को निर्णयले रू **८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-३** को निर्णयले रू **८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-११** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,०९,६९६.२८

६७.३ आन्तरिक लेखापरिक्षणले देहायानुसारका व्यहोरा अनियमित व्यहोरा औल्याएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म फस्यौंट तथा संपरीक्षण नगरेकोले नियमित गरी प्रमाण पेश गर्नुपर्ने रु.

नियमसम्मत नदेखिएको			
८/२५५	अध्यक्षको सवारी भाडा	पालिका	१०००००।०
९	खाना तथा विविध खर्च	पालिका	१८४७०९३।०
१६	स्वयम सेवक शिक्षकलाई तलब	पालिकाले एकिन गर्नु पर्ने	३७०५०००।०
३४	सोझै खरिद	पालिकाले एकिन गर्नुपर्ने	२०००००।०
३७(१)	घर भाडा भुक्तानियमा नियम सम्मत नदेखिएको	पालिकाले एकिन गर्नुपर्न	७५५१४०।०
जम्मा			६६०७२३३।०

अनियमित भएको	६६,०७,२३३

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सिंजा गाउँपालिका, जुम्ला , सिन्जा गाउँपालिका , जुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	टेक बहादुर शाही	२०८१-१०-०१	हाल सम्म कार्यरत
लेखा प्रमुख	गौरि कान्त चौलागाई	२०७६-९-९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,८५३,४५४.१७	१०,१५९,८६२	२,२८७,९९४	०	०	७७५,६००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१६,०७६,९१०.१७
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१२०,५३३
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१५,९५६,३७७.१७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३७३४०७१२.५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२४९४५८३०९	**चालु खर्च**	२६५०९६०१६.३
प्रदेश सरकारबाट अनुदान	३८४६१११२	**पूँजीगत खर्च**	९२८०८०६७.१३
राजश्व बाँडफाँट	६७३७२९२०.२६	**वित्तीय/अन्य व्यवस्था**	११२५७१६१५.८
आन्तरिक आय	३३२३७१८.७५		
अन्य आय	९९५५८०७५.६३		
कुल आय	४५८१७४१३५.६४	**कुल खर्च**	४७०४७५६९९.२३
बाँकी मौज्दात		२५०३९१४८.९१	

अनुसूची - २

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।